**वोर्डवाट अनुमतिपत्र प्राप्त गर्न/अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्व ग्रहण गर्न चाहने व्यक्तिले लगानी रकमको स्रोत तथा योग्यताको सम्वन्धमा पेश गर्नु पर्ने विवरण तथा कागजात ।**

मैले/हामीले ................. संस्थामा रकम रु.................(अक्षरेपी..............................) लगानी गर्न लागेको छु/छौं । उक्त रकम संस्थाको कुल जारी पूँजीको प्रतिशत ............. हुन्छ । मैले/हामीले कारोवार गर्ने कर कार्यालय .............................. हो । साथै, लगानी गर्न लागेको रकमको आय स्रोतको विवरण निम्नानुसार प्रस्तुत गरेको छु/छौं ।

१. **लगानी रकमको आय श्रोत विवरण**

| **क्रम संख्या** | **आय स्रोतको क्षेत्र** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| | **जम्मा** | | |

**संलग्नः**

माथि उल्लिखित विभिन्न स्रोतहरुबाट लगानी गर्न प्रस्ताव गरिएको रकमको लागि देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरेको छु/छौं

(क) उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन गरेको भए कुन कुन उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन भएको हो सो को विवरण स्पष्ट हुने कागजात र कर चुक्ता सम्वन्धी कागजात ।

(ख) पैतृक वा पारिवारिक सम्पत्तिबाट शेयरमा लगानी गर्न प्रस्ताव गरिएको अवस्थामा सो सम्बन्धी अंशबण्डा लिखतको प्रतिलिपि वा अन्य कागजात । अंशवण्डा नभएको हकमा चल/ अचल संपति हस्तान्तरण भएको विवरण तथा कागजात ।

(ग) घरजग्गा विक्रीबाट प्राप्त आयको हकमा रकम स्पष्ट हुने रजिष्ट्रेशन लिखतको छविचित्र, लाभांशको हकमा त्यस्तो लाभांश प्राप्त गरेको कम्पनी, वर्ष, रकम आदि विस्तृत विवरण ।

(घ) घरबहाल आयको हकमा सो सम्बन्धी सम्झौताको प्रतिलिपि र कर चुक्ता गरेको कागजात सहितको आय विवरण, पारिश्रमिक आयको हकमा सम्बन्धित रोजगारदाताबाट प्रमाणित आयको विवरण ।

(ङ) कृषि आयको हकमा कहाँ र कुन स्थानको कति जमीन, स्वामित्व प्राप्त भएको मिति तथा कृषियोग्य आयआर्जन हो सो विवरण तथा सो व्यहोरा खुल्ने कागजात र लालपूर्जाको प्रतिलिपि ।

(च) पेन्सन तथा अवकास रकमको हकमा सो वापत प्राप्त रकम प्रमाणित हुने पेन्सन पट्टा वा यस्तै अन्य आधिकारिक कागजात, रेमिटान्स बापत प्राप्त रकमको हकमा रेमिटान्स पठाउने र पाउने बीचको नाता, कहाँबाट कसरी यस्तो रेमिटान्स प्राप्त भएको हो सो खुल्ने कागजात ।

(छ) ऋणको हकमा व्यक्तिगत वा धितोपत्र व्यवसायीको स्वामित्व ग्रहण गर्ने (प्रयोजन खुल्ने) विवरण ।

(ज) सेयर विक्री मार्फत रकम प्राप्त गरेको भए सो सम्वन्धी विवरण तथा कागजात ।

(झ) माथि उल्लिखित श्रोत वाहेक अन्य श्रोतवाट लगानी गर्ने भएमा त्यस्तो श्रोत प्रमाणित हुने कागजात ।

नोटः व्यक्तिगत ऋण प्राप्त गरेको रकमबाट लगानी गरिएको भए त्यस्तो रकम प्रदान गर्ने व्यक्तिको माथी उल्लेखित विवरण पेश गर्नु पर्नेछ ।

## २. आय स्रोत सम्वन्धी घोषणा

(क) मैले माथिको तालिकामा उल्लिखित विवरण बमोजिमको आम्दानी र सो आयमा प्रचलित कानून बमोजिम कुनै कर तिर्नु पर्ने अवस्थामा नेपाल सरकार तथा अन्य सम्बन्धित निकायलाई तिर्नु/बुझाउनु पर्ने कर/राजस्व रकम नियमानुसार चुक्ता गरेका छु ,

(ख) मैले सम्पति शुद्धिकरण गरी गराई सोबाट आर्जन गरेको रकमबाट प्रस्तावित संस्थामा लगानी गर्न लागेको हैन ।

(ग) मैले लगानी गर्न प्रस्ताव गरेको रकमको आयस्रोतको सम्बन्धमा कानून बमोजिम सम्बन्धित निकायबाट कुनै कानूनी कारवाही भएमा प्रचलित कानून बमोजिम सजायको भागीदार रहन मञ्जुर रहेको व्यहोरा समेत अवगत गराउँदछु ।

(घ) आयसंग सम्बन्धित सम्पूर्ण कागजातहरु पेश गरेको छु ।

(ङ) पेश गरिएका विवरणहरु आधिकारिक निकायले माग गरेमा उपलव्ध गराउन समेत मंजुरी छ । साथै, कुनै आधिकारिक निकायबाट आय विवरण सम्बन्धी थप कागजात माग भएमा सो को प्रमाणित कागजात समेत उपलब्ध गराउने छु ।

(च) यो ............................संस्थाको मैले यस ................ संस्थाको जारी पूँजीको ..... प्रतिशत शेयर लिन मञ्जुर गरेको छु ।

## ३. निम्न प्रश्नहरुको जवाफ छ/छैन मा दिनुहोसः

(क) तपाई कुनै फौज्दारी अभियोगमा पर्नु भएको छ/छैन ?

(ख) आयकर दर्ता/चुक्ता भएको/आर्थिक वर्ष ......... सम्मको प्रमाण संलग्न छ/छैन ?

(ग) तपाईंको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ/छैन ?

(घ) तपाईंले कानून उल्लंघन गरेको कारणबाट सजायँ पाउनु भएको छ/छैन ?

(ङ) तपाईं संलग्न भएको कुनै संस्था टाट पल्टेको छ/छैन ?

(च) तपाईंले काम गरेको वा संचालक भएको वा आधारभुत शेयरधनी रहेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ/छैन ?

(छ) तपाई धितोपत्र सम्वन्धी प्रचलित कानून वमोजिम कारवाहीमा पर्नु भएको छ/छैन ।

(ज) तपाईं संलग्न भएको संस्था कहिल्यै अपराधिक कृयाकलापमा संलग्न भएको छ/छैन ?

(झ) तपाईलाई बैंक तथा वित्तीय संस्थाको कर्जा कारोवारमा दुरुपयोग गरेको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ/छैन ?

(ञ) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ/छैन ?

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा भएको छ/छैन ?

(ट) तपाईं धितोपत्र वजार वा अन्य धितोपत्र व्यवसायी संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानूनी वा अन्य सल्लाहकार हुनुहुन्छ ? छु/छैन

(ञ) तपाईं धितोपत्र दलाल वा बजार निर्माता रहनु भएको छ/छैन ?

(ठ) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानून उल्लंघन गरेको वा प्रचलित कानून वमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ/छैन ?

(ड) तपाई प्रचलित कानून वमोजिम दामासाहिमा पर्नु भएको छ/छैन ?

(ढ) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ/छैन ?

(ण) तपाईलाई प्रचलित कानून वमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ/छैन ?

(त) तपांईले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल धितोपत्र वोर्डले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छु/छैन ?

(थ) तपांईको नेपाल धितोपत्र वोर्डमा सञ्चालक समिति लगायत अन्य कर्मचारीहरु नजिकको नातेदार रहेको छ छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस) यस प्रयोजनको लागि नजिकको नातेदार भन्नाले कंपनी ऐन २०६३ को दफा २ वमोजिम एका सगोलको अंशियार वा पति, पत्नी, बाबु, आमा, सासू, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजू, बुहारी, साला, साली, भिनाजू, काका, काकी, मामा, माइजू, छोरा, छोरी, छोराबुहारी, नाति, नातिनी, नातिनी बुहारी वा ज्वाँई सम्झनु पर्छ ।

(द) तपाईले यस वाहेक वोर्डवाट अनुमतिपत्र प्राप्त अन्य संस्थामा स्वामित्व ग्रहण/ लगानी गर्नुभएको छ/छैन ? (छ भने विस्तृत विवरण खुलाउनु होस)

४. माथि उल्लेख गरिएको विवरण तथा कागजात ठिक साँचो हुन् । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा

यसैका आधारमा ............... संस्थापना गर्ने अनुमति नदिएमा/कारवाही नदिएमा मेरो मञ्जुरी छ ।

दस्तखत :
नाम :
मिति :
ठेगाना :